# अक्टोबर १, २०२६ देखि आप्रवासीहरूका लागि चिकित्सा सहायता (Medical Assistance) मा परिवर्तन हुनेछ।

**धेरैव्यक्तिहरू अक्टोबरपछि पनि मेडिकल सहायता प्राप्त गर्न योग्य रहनेछन्।**
**आफू योग्य हुनुहुन्छ भन्ने प्रमाणित गर्न अहिले नै आवश्यक कदम चाल्नुहोस्!**

1. १. **यदि तपाईंसँग ग्रीन कार्ड छ भने, काउन्टी सहायता कार्यालय (CAO) सँग यसको प्रतिलिपि (कपी) रहेको सुनिश्चित गर्नुहोस्।** उनीहरूलाई तपाईंसँग ग्रीन कार्ड भएको जानकारी नहुन सक्छ, जसका कारण अक्टोबर २०२६ देखि तपाईंको सुविधा (लाभ) बन्द हुन सक्छ।

2. २. **काउन्टीसहायताकार्यालय (CAO) लाईतपाईंकापरिवारकाबालबालिकाकोउमेर तथा परिवारमा कुनै गर्भवती सदस्य भएमा त्यसबारे जानकारी भएको सुनिश्चित गर्नुहोस्।** २१ वर्षभन्दा कम उमेरका बालबालिका तथा गर्भवती वा सुत्केरी भएको १२ महिनाभित्रका वयस्कहरूका लागि नियमहरू परिवर्तन हुने छैनन्। हाल मेडिकल सहायता (Medical Assistance) प्राप्त गर्न योग्य व्यक्तिहरू अक्टोबर २०२६ पछि पनि योग्य रहनेछन्।

3. ३. **काउन्टी सहायता कार्यालय (CAO) बाट तपाईंको आप्रवासन (इमिग्रेसन) स्थिति सम्बन्धी जानकारी माग्ने पत्रहरू आउन सक्छन्, त्यसतर्फ ध्यान दिनुहोस्।** CAO ले यी पत्रहरू जुन २०२६ देखि पठाउन सुरु गर्नेछ। यदि तपाईं आफैंका लागि मेडिकल सहायता (Medical Assistance) प्राप्त गर्दै हुनुहुन्छ र तपाईंको आप्रवासन स्थिति योग्य छ भने, अक्टोबर २०२६ पछि पनि आफ्नो मेडिकल सहायता कायम राख्न यी पत्रहरूको जवाफ दिनु आवश्यक हुनेछ।

****याद राख्नुहोस्****

यदि तपाईंले आफ्नालागि मेडिकल सहायता (Medical Assistance) प्राप्त गर्नुहुन्न, वा तपाईंले आपतकालीनचिकित्सा अवस्थाको उपचारका लागि मात्र मेडिकलसहायता प्राप्त गर्नुहुन्छ भने, काउन्टी सहायताकार्यालय (CAO) ले तपाईंको आप्रवासन (इमिग्रेसन) स्थितिबारे कहिल्यै सोध्नु हुँदैन, र तपाईंले पनिआफ्नो आप्रवासन स्थितिसम्बन्धी कुनै जानकारी दिनुपर्नेआवश्यकता छैन।

4. ४. **यदि तपाईंको मेडिकल सहायता (Medical Assistance) बन्द गरिएको सूचना प्राप्तहुन्छ भने, तुरुन्तै अपिल गर्नुहोस्।यदि काउन्टी** सहायता कार्यालय (CAO) बाट कुनै गल्तीभएको छ भने, त्यसलाईसच्याउने सबैभन्दा प्रभावकारी उपाय प्रायः अपिलगर्नु नै हो।

5. ५. **यदिआवश्यक छ भने, सहयोगका लागि कुनै अधिवक्ता (Advocate) बाट मद्दत लिनुहोस्।** आप्रवासीहरूको मेडिकल सहायता (Medical Assistance - MA) का लागि योग्यतासम्बन्धी नियमहरूजटिल छन्, र काउन्टीसहायता कार्यालय (CAO) बाट प्रायः गल्तीहरूहुन सक्छन्। कुनै अधिवक्ताले तपाईंलाईसहयोग गर्न सक्नुहुन्छ। यदितपाईं फिलाडेल्फियामा बस्नुहुन्छ भने, मद्दतका लागिकम्युनिटी लिगल सर्भिसेज (Community Legal Services) मा सम्पर्क गर्नसक्नुहुन्छ। फिलाडेल्फिया बाहिर बस्नुहुन्छ भने, आफ्नो स्थानीयकानुनी सहायता कार्यक्रम यहाँ खोज्नुहोस्: https://palegalaid.net/find-legal-help.

**कानुनीसहायता चाहिन्छ?** सार्वजनिक लाभ सम्बन्धीमद्दतका लागि CLS को इन्टेकमा जानुहोस्।

- हामीलाईसोमबार र बुधबार बिहान९:०० बजेदेखि १२:०० बजेसम्म भ्वाइसमेल (Voicemail) छोड्नुहोस्: (215-227-2400)
- मंगलबारर बिहीबार बिहान ९:०० बजेदेखि१२:०० बजेसम्म हाम्रोकार्यालय (1410 W Erie Ave) मा सिधै आउनुहोस्।

**नेपाली अनुवाद: केही आप्रवासीहरू अक्टोबरमा योग्य हुने छैनन्। अक्टोबरमा तपाईंको मेडिकल सहायता (Medical Assistance) बन्द हुन सक्ने अवस्थाका लागि अहिले नै तयारी गर्नुहोस्!**

## <u>यदि तपाईंसँग मेडिकल सहायता (MA) छ भने, यसको प्रयोग गर्नुहोस्।</u>

अक्टोबर १, २०२६ भन्दाअगाडि मेडिकल सहायता (MA) का लागि योग्यरहेका केही आप्रवासीहरू अक्टोबर१, २०२६ पछि MA कालागि अयोग्य हुन सक्छन्। यदितपाईंसँग अहिले MA छ भने, अक्टोबरमा MA बन्द भएमा आफूलाई सुरक्षितराख्न तपाईंले केही कदम चाल्नसक्नुहुन्छ।

1. १. **अक्टोबर १, २०२६ भन्दा अगाडि नै स्वास्थ्य सेवा लिनुहोस्।** अक्टोबर १, २०२६ भन्दापहिले तपाईंले आफ्नो मेडिकल सहायता (MA) जति बढी प्रयोगगर्न सक्नुहुन्छ, त्यति नै राम्रो हुन्छ।

2. २. अक्टोबर १, २०२६ भन्दाअगाडि नै आफ्नो **औषधिकोप्रिस्क्रिप्सन भर्नुहोस्।**

3. ३. अक्टोबर १, २०२६ भन्दा अगाडि नै **आवश्यक चिकित्सा उपकरणहरू** (जस्तै हिँड्ने सहारा [Walker], लौरो [Cane], मधुमेह तथा अन्य स्वास्थ्य अवस्थाका लागि आवश्यक सामग्रीहरू) प्राप्त गर्नुहोस्।

4. ४. यदि तपाईंको मेडिकल सहायता (MA) बन्द भयो भने प्रयोग गर्न **सकिने निःशुल्क वा कम लागतका स्वास्थ्य क्लिनिकहरू खोज्नुहोस्।** यो लिङ्कमा खोज्नुहोस् वा आफ्नो फोनबाट QR कोड स्क्यान गर्नुहोस्: : <u>www.phila.gov/documents/list-of-federally-qualified-health-centers/</u>.

यी नियमहरू परिवर्तन हुँदै जाँदा, हामी थप जानकारी प्राप्त गर्नेछौं र हाम्रो वेबसाइटलाई अद्यावधिक गर्नेछौं: **<u>clsphila.org</u>**.

**कानुनीसहायता चाहिन्छ?** सार्वजनिक लाभ सम्बन्धीमद्दतका लागि CLS को इन्टेकमा जानुहोस्।

- हामीलाईसोमबार र बुधबार बिहान९:०० बजेदेखि १२:०० बजेसम्म भ्वाइसमेल (Voicemail) छोड्नुहोस्: (215-227-2400)
- मंगलबारर बिहीबार बिहान ९:०० बजेदेखि१२:०० बजेसम्म हाम्रोकार्यालय (1410 W Erie Ave) मा सिधै आउनुहोस्।